यो आकाशवाणी हो ।

समाचार तुलसा शर्माबाट सुन्नुहोस्।

मुख्य समाचार

- प्रधानमन्त्रीले **भारत मोबिलिटी ग्लोबल एक्सपो** दुई हजार पचीसको गर्नुभयो उद्घाटन
- राष्ट्रपतिले प्रदान गर्नभयो  दुई हजार चौबीसको राष्ट्रीय खेल पुरस्कार
- केन्द्रीय गृह मन्त्रीले मध्य प्रदेशमा तीन नयाँ आपराधिक कानून क्रियान्वयनको गर्नुभयो समीक्षा
- लेबनानलाई आर्थिक रूपमा पुनरुत्थान गर्न सक्दो सहयोग उपलब्ध गराइने , अनि
- केन्द्रीय राज्य मन्त्रीले दुई हजार  पैँतीस सम्ममा भारतले आफ्नो अन्तरिक्ष केन्द्र स्थापित गर्ने गर्नुभयो  घोषणा

**संशो. प्रधानमन्त्री - भारत मोबिलिटी**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभएको छ, देशका मानिसको आकाङ्क्षाले  सन्चालित भारतको ओटो मोबाईल क्षेत्र अभूतपूर्व **काया कल्पबाट** गुज्री रहेको । श्री मोदीले आज नयाँ दिल्लीको भारत मण्डपम-मा छ दिनको भारत मोबिलिटी ग्लोबल एक्सपो दुई हजार पचीसको उद्घाटन गर्नुभयो। श्री मोदीले भन्नुभयो,  विकसित भारतको यात्रा मोबिलिटी क्षेत्रमा अप्रत्याशित कायाकल्प र अभूतपूर्व वृद्धिको साक्षी बन्नेछ । उहाँले भन्नुभयो, देशको ओटो उद्योगमा पछिलो वर्ष बारह प्रतिशतको वार्षिक वृद्धि भयो। प्रधानमन्त्रीले भन्नुभयो, **मेक इन इण्डिया** पहलको शक्तिले देशको ओटो उद्योगको वृद्धिलाई समर्थन मिलिरहेको छ।

**राष्ट्रपति राष्ट्रीय खेल पुरस्कार**

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा राष्ट्रपति भवनमा दुई हजार चौबीसको राष्ट्रीय खेल पुरस्कार प्रदान गर्नुभयो । विश्व शतरन्ज च्यामपियन डी. गुकेश, पेरिस

ओलिम्पिक्सका दुई पदक विजेता मनु भाकर, पुरूष हकी टीमका कप्तान हरमनप्रीत सिंह र पेरिस Para lympics मा स्वर्ण पदक विजेता प्रवीण कुमारलाई प्रतिष्ठित मेजर ध्यान चन्द खेल रत्न पुरस्कारले सम्मानित गरिएको छ। यो पुरस्कार पछिलो चार वर्षमा खिलाडीहरूको शानदार र सर्वाधिक असाधारण खेल प्रदर्शनका लागि दिइन्छ। पैरा निशानेबाज कोच सुभाष राणा, निशानेबाज कोच दीपाली देशपाण्डे, हकी कोच संदीप सांगवान, ब्याडमिन्टन कोच **एस. मुरलीधरन** र फुटबल कोच **अरमान्डो एग्नेलो कोलाको**-लाई द्रोणाचार्य पुरस्कार दिइएको छ। बत्तिस खेलाडीहरूलाई अर्जुन पुरस्कारले सम्मानित गरिएको छ।

## शाह सांसद कानून

केन्द्रीय गृह मन्त्री श्री अमित शाहले आज मध्य प्रदेशमा तीन नयाँ आपराधिक कानूनको क्रियान्वयनको समीक्षा गर्नुभयो। श्री शाहले नयाँ दिल्लीमा मध्य प्रदेशका मुख्यमन्त्री श्री मोहन यादवको नेतृत्वमा एउटा प्रतिनिधीमण्डल संग बैठक गर्नुभयो। बैठकमा गृह सचिव श्री गोविन्द मोहन र अन्य वरिष्ठ अधिकारीको पनि उपस्थीती रहेको थियो।

## संयुक्त राष्ट्र लेबनान सहायता

संयुक्त राष्ट्रका महासचिव श्री **एन्तोनियो गुतेरेसले** भन्नुभएको छ, लेबनानलाई आर्थिक रूपमा पुनरुत्थान गर्न सक्दो सहयोग उपलब्ध गराइनेछ। श्री गुतेरेसले भन्नुभयो, उहाँले देश र एक पछि एक आन्तरिक अनि क्षेत्रीय संकटहरूको सामना गरिरहेका मानिसहरू संग एकजुटता प्रकट गर्नका लागि लेबनानको यात्रा गर्नुभयो। उहाँले भन्नुभयो, लेबनानमा संयुक्त राष्ट्रको अन्तरिम सेना र यसका कार्यालयले वहाँ स्थिरता र सहायताका लगि कार्य गर्न जारी राख्नेछ। यस अघी संयुक्त राष्ट्र मानवाधिकार उच्चायुक्त श्री वोल्कर तुर्कले भन्नुभयो, उहाँको

कार्यालय लेबनानमा मानवाधिकारको मजबूतीका लागि कार्य गर्न तयार छ। उहाँले देशमा कानून व्यवस्था स्थापित गर्नमा निवेशको आह्वान पनि गर्नुभयो ।

**50 जितेन्द्र सिंह - अन्तरिक्ष केन्द्र**

केन्द्रीय राज्य मन्त्री श्री जितेन्द्र सिंहले दुई हजार पैंतीस सम्ममा भारतले आफ्नो अन्तरिक्ष केन्द्र स्थापित गर्ने घोषणा गर्नु भएको छ। यसको नाम भारतीय अन्तरिक्ष केन्द्र हुनेछ। यो परियोजना भारतीय अन्तरिक्ष अनुसन्धान संगठन-**इसरोले** संचालित गर्नेछ। श्री सिंहले आज शिमलामा मौसम विज्ञान केन्द्रको यात्राको समयमा संवाददाताहरूलाई बताउनु भएको हो । उहाँले भन्नुभयो, पहिला यो परियोजना दुई हजार तिस सम्म पूरा हुनु थियो तर गगनयान मिशन र कोविड महामारीका कारण यसमा ढिलाई भयो।

**सिंगापुर राष्ट्रपति-ओडिशा दौरा**

सिंगापुरका राष्ट्रपति श्री थर्मन shanmuga ratnam दुई दिने ओडिशा यात्रामा आज बिहान भुवनेश्वर पुग्नुभयो । ओडिशाका मुख्यमन्त्री श्री मोहन चरण माझीले बीजू पटनायक अन्तराष्ट्रीय हवाई अड्डामा सिंगापुरका राष्ट्रपतिको स्वागत गर्नुभयो । राष्ट्रपतिको यस यात्राको विशेष महत्व छ, किनभने यो अठाइस् देखी अनतीस् जनवरीको **उत्कर्ष ओडिशा: मेक इन ओडिशा Conclave भन्दा** पहिला हुँदैछ । श्री shanmuga ratnam का साथ मन्त्री, सांसद र अधिकारीहरू सहित उच्चस्तरीय प्रतिनिधी मण्डल पनि आउनुभएको छ।

**मेघालय-चुनाव**

मेघालयमा खासी हिल्स स्वायत्त जिला परिषद र जैन्तीया हिल्स स्वायत्त जिला परिषदका

लागि ,जिला परिषद –एम.डी.सी-का सदस्यको चुनाव यस वर्षको एकाइस् फरवरीमा हुनेछ। **उमरोई कन्स्टीटूएन्सी प्रोग्रेसिव फोरम** –यू.सी.पी.एफ-का नेता र समर्थकले आज उमरोई उमदोहबीर थिहमा एउटा बैठक गरे भने बैठकमा फोरमलाई भंग गर्ने र कंग्रेस उम्मीदवारलाई आफ्नो समर्थन दिने फसेला गरिएको छ । बैठकमा यू.सी.पी.एफ का प्रमुख नेताले भाग लिए, जसमा **अध्यक्ष श्री Pinskhemlang सोहतुन, उपाध्यक्ष श्री रेमियस खरसाती, महासचिव श्री फोर स्टार सोहि ओङ्ग** र केही अन्य नेता र समर्थक शामेल थिए। यस बैठकमा हालैमा यू.सी.पी.एफ संग कंग्रेस पार्टीमा शामेल भएका श्री एम.डी. सियेमलाई समर्थन दिन औपचारिक रूपले संकल्प लिइएको छ ।

**भाजपा- दिल्ली संकल्प पत्र**

भारतीय जनता पार्टी- भाजपाले आज भनेको छ, दिल्लीमा पार्टी सत्तामा आयो भने राष्ट्रीय राजधानीमा प्रत्येक गरीब महिलालाई दुई हजार पाँच सय रूपियाँ र पाँच सय रूपियाँमा एलपीजी सिलिन्डर उपलब्ध गराउने बताएको छ। पार्टी अध्यक्ष श्री जगत प्रकाश नड्डाले आज नयाँ दिल्लीमा आफ्नो पहिलो संकल्प पत्र जारी गर्नुभयो । पार्टीले केन्द्र सरकारको आयुष्मान भारत योजनाको कार्यान्वयनको पनि वचन दिएको छ । यस अवसरमा श्री नड्डाले भन्नुभयो, भाजपाले शहरमा पाँच लाख रूपियाँ अतिरिक्त स्वास्थय खर्च पनि दिनेछ । श्री नड्डाले भन्नुभयो, भाजपा सरकार बन्यो भने यो अटल कैन्टीन योजना अन्तर्गत सबै झुग्गी बस्तीका बासिन्दालाई पाँच रूपियाँमा पोषण युक्त भोजन उपलब्ध गराउनेछ।

**26 विश्व बैंक - रिपोर्ट**

विश्व ब्याङ्कले अप्रैलमा शुरू हुने अगिलो वित्त वर्षमा भारतको अर्थव्यवस्था छ दशमलव

सात प्रतिशतको दरले बढ्ने अनुमान व्यक्त गरेको छ। यो चालू वित्त वर्षको वृद्धि दर भन्दा केही अधिक छ। वैश्विक अर्थव्यवस्थाको वृद्धि दरको अनुमान सम्बन्धी विश्व ब्याङ्क-को यो रिपोर्ट हिजो जारी गरिएको छ। यसमा चालू वित्त वर्षमा भारतको वृद्धि दर छ दशमलव पाँच प्रतिशत रहने अनुमान लगाइएको छ। यो पछिलो वर्षको आठ दशमलव दुई प्रतिशत भन्दा कम छ। भारतको सेवा क्षेत्र स्थिर रूपले बढ्ने सम्भावना छ। सरकारी समर्थनले विनिर्माण क्षेत्रमा सुधार हुनेछ। वर्ष दुई हजार तेइस देखी वैश्विक सकल घरेलू उत्पादको वृद्धि दर दुई दशमलव सात प्रतिशतमा स्थिर बनेको छ। विश्व ब्याङ्क अनुसार यसको दुई हजार छब्बीस सम्म यही स्तरमा रहने सम्भावना छ।

मुख्य समाचार फेरी एक पल्ट

- प्रधानमन्त्रीले भारत **मोबिलिटी ग्लोबल एक्सपो** दुई हजार पचीसको गर्नुभयो उद्घाटन
- राष्ट्रपतिले प्रदान गर्नभयो दुई हजार चौबीसको राष्ट्रीय खेल पुरस्कार
- केन्द्रीय गृह मन्त्रीले मध्य प्रदेशमा तीन नयाँ आपराधिक कानून क्रियान्वयनको गर्नुभयो समीक्षा
- लेबनानलाई आर्थिक रूपमा पुनरुत्थान गर्न सक्दो सहयोग उपलब्ध गराइने , अनि
- केन्द्रीय राज्य मन्त्रीले दुई हजार पैँतीस सम्ममा भारतले आफ्नो अन्तरिक्ष केन्द्र स्थापित गर्ने गर्नुभयो घोषणा